# खेल कूटनीतिदेखि पर्यटनसम्म: नेपाली खेलकुदको नयाँ सम्भावना

समग्र खेल विकासका लागि खेल कूटनीतिलाई पनि प्रभावकारीरूपमा नेपालले अघि बढाउनुपर्छ । मित्रराष्ट्रहरूसँग नियमित द्विपक्षीय सिरिज, यू-१९ तथा अन्य उमेर समूहका प्रतियोगितालाई प्रोत्साहन दिनु आवश्यक छ । नेपालमै अन्तर राष्ट्रियस्तरका प्रतियोगिताहरू आयोजना गर्न सके खेल पर्यटनको प्रवर्द्धन भई अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुग्नेछ ।



■ विनोद देवकोटा

देशको समग्र विकास केवल भौतिक पूर्वाधार जस्तै सडक, पुल, विद्युत्, सञ्चार वा पर्यटन निर्माणमा मात्र सीमित हुँदैन । वास्तवमा मानव पुँजीको विकास नै दिगो समृद्धिको मूल आधार हो र यही मानव पुँजी सशक्त बनाउने महत्त्वपूर्ण माध्यममध्ये खेलकुद एक हो । त्यसैले आज खेलकुदलाई विकासको छैटौं पूर्वाधारका रूपमा लिन थालिएको छ । स्वस्थ शरीरबिना सशक्त नागरिक निर्माण सम्भव हुँदैन र स्वस्थ नागरिकबिना समृद्ध समाजको कल्पना निरर्थक हुन्छ । यस अर्थमा खेलकुद स्वस्थ व्यक्ति, अनुशासित समाज र जिम्मेवार राष्ट्र निर्माणको आधारशिला हो ।

नेपालमा संस्थागतरूपमा खेलकुद विकासको इतिहास झण्डै छ दशक लामो भइसकेको छ । विसं. २०१५ सालमा 'राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्'को गठनसँगै नेपालमा खेलकुदलाई औपचारिक संरचनाभित्र राखी अघि बढाउने प्रयासको सुरुवात भयो । यद्यपि, यसभन्दा धेरै अघिदेखि नै नेपालमा स्थानीय, सांस्कृतिक र परम्परागत खेल गतिविधिहरू प्रचलनमा रहेको ऐतिहासिक तथ्य भेटिन्छ । यसले खेलकुद नेपाली समाजको संस्कार र जीवनशैलीसँग गहिरोरूपमा जोडिएको विषय भएको स्पष्ट पार्दछ ।

यति लामो समय बितिसक्दा पनि नेपाली खेलकुदले अपेक्षित गति लिन नसक्नु चिन्ताको विषय बनेको छ । विश्व खेलकुद तीव्र गतिमा व्यावसायिकता, प्रविधि र वैज्ञानिक प्रशिक्षणतर्फ उन्मुख हुँदै गएको छ भने नेपाल भने अझै पनि आधारभूत संरचना, दीर्घकालीन नीति, दक्ष जनशक्ति, पर्याप्त बजेट र पारदर्शी व्यवस्थापनको अभावमा अल्झिएको देखिन्छ । २१औँ शताब्दीको यो प्रतिस्पर्धात्मक र चुनौतीपूर्ण युगमा अन्तर्राष्ट्रिय मञ्चमा पहिचान बनाउँदै सफलता हासिल गर्नुपर्ने समयमा नेपाली खेलकुद भने आफ्नै कमजोरी, राजनीतिक हस्तक्षेप, संस्थागत अस्थिरता र व्यवस्थापकीय अव्यवस्थासँग जुध्न बाध्य छ ।

खेलकुदलाई केवल मनोरञ्जन वा पदक जित्ने माध्यमका रूपमा मात्र सीमित गर्नु ठूलो भूल हुनेछ । यसलाई शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन र राष्ट्रिय पहिचानसँग जोडेर राष्ट्र निर्माणको दीर्घकालीन रणनीतिका रूपमा विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो । समयमै ठोस नीति, दिगो लगानी र सक्षम नेतृत्व प्रदान गर्न सकिए नेपाली खेलकुदले मात्र अन्तर्राष्ट्रिय सफलता हासिल गर्ने होइन, समग्र देश विकासमा समेत उल्लेखनीय योगदान पुर्‍याउनेछ ।

## आवश्यकता, चुनौती र सम्भावना

विगतको एकात्मक राज्यव्यवस्थामा नेपालको खेलकुद प्रशासनिक संरचना पनि मूलतः एकात्मक स्वरूपमै सञ्चालित थियो । नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत राष्ट्रिय खेलकुद परिषद् (राखेप) केन्द्रीय निकायका रूपमा स्थापित थियो भने परिषद् मातहत पाँचवटा क्षेत्रीय खेलकुद विकास समिति, ७५ वटा जिल्ला खेलकुद विकास समिति तथा ती समितिहरूको मातहत स्थानीय निकायसम्म खेलकुद संरचना गठन गर्ने व्यवस्था रहेको थियो । नीति, कार्यक्रम, बजेट तथा निर्णयको केन्द्रिकृत अभ्यासका कारण खेलकुद विकास राजधानीमुखी र सीमित क्षेत्रमै केन्द्रित रहँदै आएको यथार्थ सर्वविदित छ ।

२०७२ सालमा जारी भएको नेपालको संविधानसँगै राज्यको समग्र पुनर्संरचना भई मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरिसकेको छ । संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको स्पष्ट परिकल्पना गरेको छ । यसअनुसार केन्द्रमा संघीय सरकार, सात प्रदेशमा प्रदेश सरकार र ७५३ स्थानीय तह (६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७३ नगरपालिका र ४६० गाउँपालिका)मा स्थानीय सरकार क्रियाशील छन् ।

> विश्व खेलकुद तीव्र गतिमा व्यावसायिकता, प्रविधि र वैज्ञानिक प्रशिक्षणतर्फ उन्मुख हुँदै गएको छ भने नेपाल भने अझै पनि आधारभूत संरचना, दीर्घकालीन नीति, दक्ष जनशक्ति, पर्याप्त बजेट र पारदर्शी व्यवस्थापनको अभावमा अल्झिएको देखिन्छ ।

राज्यको प्रशासनिक पुनर्संरचनासँगै खेलकुद क्षेत्र पनि संघीय संरचनाअनुरूप पुनर्संरचित भएको छ । हाल संघीय तहमा युवा तथा खेलकुद मन्त्रालय मातहत राष्ट्रिय खेलकुद परिषद् केन्द्रीय निकायका रूपमा कायम छ । प्रदेश तहमा प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालय वा खेलकुद मन्त्रालय मातहत प्रदेश खेलकुद परिषद् गठन हुने व्यवस्था गरिएको छ । सो परिषद्अन्तर्गत जिल्ला खेलकुद विकास समिति रहने व्यवस्था छ । त्यसैगरी स्थानीय तहमा स्थानीय सरकार मातहत स्थानीय खेलकुद संरचना स्थापना गरी खेलकुद विकास, सञ्चालन र प्रवर्द्धनको जिम्मेवारी तोकिएको छ ।

नयाँ संरचनाअनुसार राष्ट्रिय खेल संघहरूले संघीय तहमा दर्ता भई प्रदेश तथा स्थानीय तहसम्म आबद्धता विस्तार गर्नुपर्ने व्यवस्था गरिएको छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी तथा ओलम्पिक काउन्सिल अफ एसिया मातहत रहेको नेपाल ओलम्पिक कमिटी राष्ट्रिय खेलकुद परिषद्सँग आबद्ध रहने संवैधानिक तथा कानुनी व्यवस्था गरिएको छ । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद संस्थाबीच समन्वय र दायित्वको स्पष्टता सुनिश्चित गर्न खोजेको देखिन्छ । तर, संघीय संरचनामा प्रवेश गरेसँगै खेलकुद क्षेत्रमा नीति, अधिकार र जिम्मेवारीको स्पष्ट बाँडफाँट अझै चुनौतीपूर्ण बन्दै गएको छ । तीनै तहका सरकारहरूका आफ्नै ऐन, नियम, नीति, योजना र बजेट हुने भएकाले खेलकुद विकासमा दोहोरोपन, अधिकारको अस्पष्टता र समन्वयको अभाव देखिन सक्ने जोखिम कायमै छ । यदि स्पष्ट मार्गनिर्देशन र साझा दृष्टिकोणको अभाव रह्यो भने खेलकुद क्षेत्र असंगठित, असन्तुलित र दिशाहीन बन्न सक्ने खतरा रहन्छ ।

यसकारण संघीय संरचनाअनुरूप खेलकुद क्षेत्रले राष्ट्रिय लक्ष्यलाई केन्द्रमा राखी एकीकृत, समन्वयात्मक र परिणाममुखी नीति तथा योजना निर्माण गर्नु अपरिहार्य देखिन्छ । संघीय सरकारले राष्ट्रिय खेलकुद नीति, दीर्घकालीन रणनीति तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको उपस्थिति सुदृढ बनाउने दिशामा नेतृत्व लिनु आवश्यक छ । प्रदेश सरकारले प्रदेशस्तरीय प्रतिभा पहिचान, पूर्वाधार विकास र खेलकुदको संस्थागत सुदृढीकरणमा जोड दिनुपर्दछ । स्थानीय तहले विद्यालयस्तरदेखि समुदायसम्म खेलकुदलाई जनजीवनसँग जोड्दै आधारभूत तहको विकासमा केन्द्रित भूमिका निर्वाह गर्नु अत्यन्त आवश्यक छ ।

संघीय संरचनामा खेलकुदलाई केवल मनोरञ्जनको माध्यम नभई स्वास्थ्य, शिक्षा, राष्ट्रिय एकता, आर्थिक सम्भावना र अन्तर्राष्ट्रिय पहिचानसँग जोडिएको रणनीतिक क्षेत्रका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छन् । त्यसका लागि तीनै तहका सरकारबीच स्पष्ट अधिकार क्षेत्र, प्रभावकारी समन्वय, पारदर्शी कार्यविधि र दीर्घकालीन दृष्टिकोणसहितको खेलकुद शासन प्रणाली निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।

## नेपाली क्रिकेटको ऐतिहासिक उडान

छिमेकी राष्ट्र भारतको तुलनामा नेपालको क्रिकेट इतिहास निकै छोटो छ । नेपालले सन् १९९६ देखि मात्र अन्तर्राष्ट्रिय क्रिकेट खेल्न सुरु गरेको हो अर्थात् अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको यात्रा २९ वर्षको हाराहारीमा सीमित छ । उता भारत भने झण्डै एक शताब्दी लामो अन्तर्राष्ट्रिय क्रिकेट अनुभव बोकेको राष्ट्र हो । यति छोटो समयावधिमै पनि नेपाली क्रिकेटरहरूले विश्वस्तरीय तथा क्षेत्रीय प्रतियोगिताहरूमा निरन्तर सशक्त प्रस्तुति दिँदै आएका छन् । आइसिसी विश्वकपमा सहभागितादेखि विभिन्न ठूला प्रतियोगितासम्म नेपालले पटक-पटक इतिहास रचेको छ । विकासका धेरै सूचकहरूमा नेपाल अझै पछाडि भए पनि क्रिकेट क्षेत्रमा देखिएको तीव्र प्रगति र सफलताले अन्तर्राष्ट्रिय मञ्चमा देशको प्रतिष्ठा उल्लेख्यरूपमा बढाएको तथ्यलाई नकार्न सकिँदैन ।

क्रिकेटरहरूले खेलमार्फत् राष्ट्रलाई उचाइमा पुर्‍याइरहेका बेला राज्यले पनि खेल विकास र खेलाडीको सम्मानका लागि समानान्तररूपमा प्रभावकारी कार्यक्रम अघि सार्नुपर्छ । विसं. २०४४ सालमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को सदस्यता पाएपछि नेपालको अन्तर्राष्ट्रिय सहभागिता क्रमशः विस्तार हुँदै आएको हो । आजको अवस्थामा आइपुग्दा पुरुष र महिला दुवै टिम आइसिसी विश्वकप छनोट चरणसम्म पुगिसकेका छन् भने अन्य ठूला प्रतियोगितामा पनि नेपालले उल्लेखनीय कीर्तिमानहरू कायम गरेको छ । नेपालले नेपाल प्रिमियर लिग (एनपिएल)का दुई संस्करणसमेत सम्पन्न गरेको छ ।

## दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा विकास गर्न आवश्यक

समग्र खेल विकासका लागि खेल कूटनीतिलाई पनि प्रभावकारीरूपमा नेपालले अघि बढाउनुपर्छ । मित्रराष्ट्रहरूसँग नियमित द्विपक्षीय सिरिज, यू-१९ तथा अन्य उमेर समूहका प्रतियोगितालाई प्रोत्साहन दिनु आवश्यक छ । नेपालमै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू आयोजना गर्न सके खेल पर्यटनको प्रवर्द्धन भई अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुग्नेछ । त्यसैले क्रिकेटको वर्तमान सफलतालाई क्षणिक उत्सवमा सीमित नराखी दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा विकास गर्न राज्यले अब स्पष्ट, दृढ र दूरदर्शी कदम चाल्नैपर्छ ।

(लेखक देवकोटा पत्रकार हुनुहुन्छ ।)

# महिला टी-२० विश्वकपको लक्ष्यसहित नेपाली टोली तयारीमा

हिमालय टाइम्स

काठमाडौं, ९ पुस



आइसिसी महिला टी-२० विश्वकपको ग्लोबल छनोट खेल्ने तयारीमा रहेको नेपाली महिला क्रिकेट टोली यतिबेला काठमाडौंको माथिल्लो मूलपानी क्रिकेट मैदानमा सघन प्रशिक्षणमा जुटिरहेको छ । एसिया क्षेत्रीय छनोट चरण पार गर्दै पहिलोपटक ग्लोबल छनोटमा पुगेको नेपाली टोली अब पहिलोपटक महिला टी-२० विश्वकप खेल्ने लक्ष्यका साथ अभ्यासमा केन्द्रित भएको हो ।

करिब दुई महिनापछि नेपाली पुरुष क्रिकेट टोली भारतमा हुने टी-२० विश्वकप खेल्न जाने तयारीमा रहेको अवस्थामा घरेलु मैदानमै आयोजना हुने महिला टी-२० विश्वकप ग्लोबल छनोटले महिला क्रिकेटतर्फ पनि सबैको ध्यान तानिएको छ ।

छनोट प्रतियोगिताअघि नेपाल क्रिकेट संघ (क्यान)ले महिला टोलीका लागि नयाँ मुख्य प्रशिक्षक नियुक्त गरेको छ । भारतीय मूलका प्रशिक्षक हर्षल जयन्त पाठक नेपाली महिला टोलीको मुख्य प्रशिक्षकका रूपमा नियुक्त हुनुभएको । क्यानका क्रिकेट अपरेसन म्यानेजर विनोद दासका अनुसार पाठकलाई प्रारम्भिकरूपमा दुई वर्षका लागि जिम्मेवारी दिइएको छ ।

पाठकले यसअघि थाइल्याण्डको महिला क्रिकेट टोलीलाई लामो समय प्रशिक्षण दिनुभएको थियो । उहाँकै प्रशिक्षणमा थाइल्याण्डले पहिलोपटक महिला टी-२० विश्वकप खेल्ने अवसर पाएको थियो । अब पाठकको लक्ष्य नेपाललाई पनि सोही उपलब्धि दिलाउने रहेको छ । यद्यपि प्रतियोगितासम्म कम समय बाँकी भएकाले यो चुनौतीपूर्ण हुने अपेक्षा गरिएको छ ।

यसअघि नेपाली महिला क्रिकेट टोलीमा जगत् टमाटा, सामसंगजङ थापा, विनोद दास र मनोज कटवाललगायतले मुख्य प्रशिक्षकका रूपमा काम गरिसक्नुभएको छ । भारतबाट देविका पाल्सिकर र मनिषकुमार झाले कन्सल्ट्यान्ट तथा ब्याटिङ प्रशिक्षकका रूपमा जिम्मेवारी सम्हाल्नुभएको थियो । तर, महिला टोलीमा विदेशी मुख्य प्रशिक्षक नियुक्त गरिएको यो पहिलोपटक हो । घरेलु मैदानमै हुने ग्लोबल छनोटमा राम्रो प्रदर्शन गर्दै विश्वकपमा स्थान बनाउने लक्ष्यसहित नेपाली महिला क्रिकेट टोलीले तयारीलाई अझ तीव्र बनाएको छ ।

क्यानले गत मंगलबारमात्र पाठकलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो । नेपाली महिला खेलाडीको प्रशिक्षण क्याम्प भने यसअघि नै सुरु भइसकेको छ । आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट जनवरी १२ देखि फेब्रुअरी १ तारिखसम्म त्रिवि मैदान कीर्तिपुर र मूलपानीमा हुनेछ ।

छनोटमा नेपालले पहिलो खेल थाइल्याण्डसँग खेल्ने भएको छ । आइसिसीले आइतबार सार्वजनिक गरेको समूह विभाजन खेल तालिकाअनुसार नेपालको पहिलो खेल जनवरी १८ तारिख थाइल्याण्डसँग परेको छ ।

छनोटमा नेपाल समूह 'बी' मा परेको छ । यस समूहमा स्कटल्याण्ड, थाइल्याण्ड, जिम्बाब्वे र नेदरल्याण्ड्स रहेका छन् । १० देशको सहभागिता रहने छनोट खेलको समूह 'ए' मा बंगलादेश, आयरल्याण्ड, पपुवा न्युगिनी (पिएनजी), नामिबिया र अमेरिका रहेका छन् ।

छनोट खेलका शीर्ष चार टोली सन् २०२६ को जुन १२ देखि जुलाई ५ तारिखसम्म इंग्ल्याण्ड र वेल्समा हुने आइसिसी महिला टी-२० विश्वकपमा छनोट हुनेछन् ।

# पदक विजेतालाई राखेपको बधाई

**काठमाडौं/हिटा ।** राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले पाँचौं एसियाली युथ पारा खेलकुदको तेक्वान्दोमा कांस्य पदक जित्नुभएकी रेनु तामाङ र प्रशिक्षक कविराज नेगी लामालाई मंगलबार बधाई दिएको छ । राखेपका सदस्य-सचिव रामचरित्र मेहताले त्रिपुरेश्वरस्थित आफ्नै कार्यकक्षमा भेट गरी दुवैलाई बधाई दिँदै आगामी दिनमा अझ सफलता प्राप्त गर्न शुभकामना दिनुभयो । रेनुले दुबईमा डिसेम्बर ७ देखि १४ तारिखसम्म भएको एसियन युथ पारा गेम्समा के-४४ क्याटगोरीको महिला ४७ केजीमुनि तौलसमूहमा कांस्य जित्नुभएको थियो ।

रेनु राखेपले सञ्चालन गरिरहेको मिसन-२०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीको विशेष प्रशिक्षणमा रहनुभएकी खेलाडी हुनुहुन्छ । सो अवसरमा राखेप कार्यकारी समितिका सदस्य भानबहादुर चन्द, राखेपकी सदस्य नन्दा बस्यालगायतको उपस्थिति थियो ।

Sabhapokhari Rural Municipality
Office of the Rural Municipal Executive
Barhabise, Sankhuwasabha
Koshi Province, Nepal

**INVITATION FOR ELECTRONIC BIDS**

Date of publication: 2082-09-10

1. **Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha** invites electronic bids from eligible bidders for the procurement, supply and delivery of the following works :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. With Vat) | Bid Security Amount (in Rs.) | Bid document fee (in Rs.) | Type of Bid | Last date of bid submission | Bid opening date | Bid validity period | Bid Security Validity period |
|---|---|---|---|---|---|---|---|---|---|
| SPRM/DDK/NCB/06/082/083 | Procurement, Supply and delivery of different diameter HDPE Pipes (NS 40, PE 100) | 49,98,881.46 | 1,20,000 | 3,000 | Single Stage Single Envelope | 2082/10/11 before 12:00 hrs | 2082/10/11 at 13:00 hrs | 90 days | 120 days |
| SPRM/SQ/01/082/083 | Procurement, Supply and delivery of CGI Sheet Roofing for Surakchit Nagarik Awas Karyakram Ward no 3 | 14,99,664.62 | 37,000 | 1,000 | Sealed Quotation | 2082/09/25 before 12:00 hrs | 2082/09/25 at 13:00 hrs | 45 days | 75 days |

2. Information to deposite the cost of bidding document in the following specified bank:-

| | |
|---|---|
| Name of the bank | Prime Commercial Bank Ltd., Sabhapokhari Branch |
| Name of the office | Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha |
| Office Code No | 801010409 |
| Rajaswa Account No | 06901000000022200177 (for bid document purchase) |
| Rajaswa(Revenue) Sirshak No. | 14229 |
| Dharauti Account No. | 06901000000023100160 (for bid security deposite) |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
4. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Administrative Officer

**Invitation for Online Bids**
Government of Nepal
Ministry of Energy, Water Resoures and Irrigation
**River & Water Induced Disaster Management Division**
Jawalakhel, Lalitpur

Date of publication : 2082/09/10 (25th December 2025)

**River & Water Induced Disaster Management Division** invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding (NCB) - Single Stage Single Envelope Bidding procedure.

| Contract Identification No. | Name of Work | Estimated Amount without VAT NRs. | Bid Security Amount (NRs.) | Bid Details | Bank Details for Purchasing Bid Document |
|---|---|---|---|---|---|
| RWIDMD/NCB/Works/ 82-83/03 | Dapcha Khola Flood Protection Works,Namobuddha Na.Pa-07, Bhakundebesi, Kavre | 8,075,064 | 220000 | **Cost of Bidding Document NRs.:** 3000 **Bid Validity (Days):** 90 **Bid Security Validity (Days):** 120 **Last Day of Bid Submission:** 12:00 PM on 25 Jan 2026 **Bid Opening Date:** 1:00 PM on 25 Jan 2026 | **Name of Bank:** Nepal Bank Limited **Name of Office:** Department of Water Resources and Irrigation, Lalitpur **Office Code no:** 308033401 **Rajaswo Account No:** 00101000000001001001 **Rajaswo Shirshak No:** 14229 |
| RWIDMD/NCB/Works/ 82-83/04 | Krishna Nagar Tole Protection Works, Lalitpur Metropolitan city-26, Lalitpur | 8,965,111 | 220000 | | |

For more details, please visit **www.bolpatra.gov.np/egp** or Water Induced Disaster Management Division, DWRI, Jawalakhel, Lalitpur